## स्थानीय स्तरमा सार्वजनिक निजी साझेदारीसम्वन्धी विभिन्न कार्यक्रमहरु सम्पन्न ।

सार्वजनिक-निजी साझेदारी(सानिसा)को माध्यमबाट सार्वजनिक पूर्वाधार तथा सेवाहरूको गुणस्तरीय र दिगो विकास गरी त्यस्ता पूर्वाधार तथा सेवाहरूमा सर्वसाधारण नागरिकको पहुँच सुनिश्चित गर्ने सोच सानिसा नीति, २०७२ ले लिएको छ । बृहत् सामाजिक तथा आर्थिक विकासको लागि सार्वजनिक पूर्वाधार सेवाहरूको विकास तथा सञ्चालनमा सार्वजनिक निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने लक्ष्य प्राप्तिका लागि यो नीति कार्यान्वयनमा छ । सार्वजनिक पूर्वाधार तथा सेवाहरूको विकास, पुनर्निमाण तथा सञ्चालनको क्षेत्रमा आवश्यक पुँजी, साधन तथा स्रोतहरू निजी क्षेत्रबाट परिपूर्ति गर्न निजी लगानी आकर्षण हुने वातावरण सिर्जना गरी मुलुकको लागि आवश्यक गुणस्तरयुक्त सार्वजनिक पूर्वाधार सेवाहरू उपलब्ध गराउन निजी क्षेत्रमा रहेको व्यवसायिकता, कार्यकुशलता, उद्यमशीलता एवम् प्राविधिक दक्षताको उपयोग गर्ने उद्देश्यकासाथ नेपाल सरकारले यो नीति जारी गरेको पनि दुई वर्ष भन्दा वढी भईसकेको छ ।

नीतिले सानिसा केन्द्र राष्ट्रिय योजना आयोग अन्तर्गत् रहने व्यवस्था गरेको छ । केन्द्रका कार्यहरूमा सानिसामा सञ्चालन हुने आयोजनाको तयारी, निर्माण र सञ्चालनमा सार्वजनिक तथा निजी निकायहरूलाई सहजीकरण गर्ने भनी उल्लेख गरिएको छ । राज्यका सम्भाव्य सम्पूर्ण अङ्ग, निकाय, संयन्त्रहरूमा सानिसासम्बन्धी क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्नेतर्फ पनि जोड दिइएको छ । यसैगरी मुलुकभित्र र बाहिर सानिसा सम्बन्धमा भए गरेका असल अभ्यासहरूको अध्ययन गर्ने, गराउने तथा देशभित्र तिनीहरूको प्रवर्द्धन गर्ने लगायतका कार्यहरु पनि तोकिएको छ ।

यी प्रावधानहरुलाई कार्यरुपमा ल्याउन राष्ट्रिय योजना आयोगबाट यस आ.ब.२०७४/७५मा स्वीकृतकार्यक्रम अनुसार सानिसासँग सम्वन्धित निकाय, तह, क्षेत्र, विज्ञ, साझेदारसमेतको सक्रीय सहभागितामा  क्षमता विकास तथा कार्यशालाका विभिन्न कार्यक्रमहरु संचालन भए ।

यस आ.ब.२०७४/७५मा स्थानीय र प्रादेशिक तहमा सानिसासम्वन्धी  अन्तरक्रिया छलफल र प्रवर्द्धन शीर्षकको कार्यक्रम क्रमशः  धुनिवेशी नगरपालिका, गोदावरी नगरपालिका, भरतपुर महानगरपालिका र इलाम नगरपालिकामा सम्पन्न भयो । यसैगरी सानिसासम्वन्धी क्षमता विकास शिर्षकको कार्यक्रम वालिङ्ग  नगरपालिका र वेनी नगरपालिकामा सम्पन्न भयो ।

सानिसासम्वन्धी कार्यशाला गोष्ठी शीर्षकको कार्यक्रम प्रदेश नं.७ को कैलाली जिल्लाको धनगढी उप-महानगरपालिकामा २०७५ बैशाख ३० र ३१ गते सम्पन्न भयो । सो कार्यक्रमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फुयाल प्रमुख अतिथी हुनुहुन्थ्यो । सो कार्यक्रमको अध्यक्षता धनगढी उप-महानगरपालिका कार्यालय प्रमुख श्री नृपवहादुर वडले गर्नुभएको थियो ।

राष्ट्रिय योजना आयोगका सहसचिव श्री विजुकुमार श्रेष्ठले उद्देश्य माथि प्रकाश पार्दै स्वागत मन्तब्य ब्यक्त गर्नुभएको थियो । कार्यक्रममा धनगढी उप-महानगरपालिका कार्यालय प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष तथा सदस्यहरु, निजी क्षेत्रका प्रतिनिधिहरु, नागरिक समाजका

प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति रहेको थियो । साथै विशेष अतिथिकारुपमा कैलाली जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख श्री सुर्यबहादुर थापा तथा प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम तिवारी लगागतका विशिष्ट महानुभावहरुको उपस्थिती थियो ।

राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फुँयालले चालु योजनाले लक्षित गरेको सोच, लक्ष्य र उद्धेश्य अनुरुप परिमाणात्मक लक्ष्य हासिल गर्न सार्वजनिक निजी साझेदारी अवधारणा महत्वपूर्ण कोशेढुंगा हुनसक्ने बिश्वास ब्यक्त गर्नुभयो । स्थानीयतहको जीवन्त अनुभबलाई आत्मसात गरी यस कार्यशालाबाट प्राप्त हुने निष्कर्षलाई आधार मानी भावी नीति तर्जुमा गर्ने बिषयलाई उहाँले जोड दिनु भयो । यसैगरी उहाँले पूर्वाधार तथा सेवाका क्षेत्रका आयोजनाहरु सार्वजनिक निजी अवधारणामा  सञ्चालन गर्न सकिने पर्याप्त सम्भावनाहरु रहेको बिश्वास ब्यक्त गर्नुभयो । उहाँले सार्वजनिक निजी साझेदारी नीति, २०७२ मा संशोधनको कार्य भैरहेको र निकट भविष्यमा ऐन जारी हुने बताउनु भयो ।

सार्वजनिक निजी साझेदारी नीति, २०७२ को ब्यवस्थामाथि बिश्लेषण गर्दै माननीय सदस्यले राष्ट्रिय नीति तथा योजनाको बारेमा जानकारी दिनुभएको थियो । सार्वजनिक निजी साझेदारीका बिभिन्न क्षेत्रमा रहेको सम्भाब्यतामाथि प्रकाश पार्दै सो अवधारणामा कार्यान्वयन गर्न सकिने आयोजनाहरु पहिचान गरी कार्यान्वयन गर्न आयोगले आवश्यक पर्ने समन्वय र सहजीकरणका लागि आयोग सदैव तत्पर रहेको सहभागीहरुलाई बिश्वास दिलाउनुभयो ।

उक्त कार्यक्रमका अध्यक्ष तथा धनगढी उप-महानगरपालिका कार्यालय प्रमुख श्री नृपवहादुर वड, उपप्रमुख, नागरिक समाज, निजी क्षेत्रका प्रतिनिधि तथा नागरिक क्षेत्रका प्रतिनिधिहरुबाट व्यक्त मन्तब्यमा धनगढी उप-महानगरपालिकामा सार्वजनिक निजी साझेदारीको सम्भाब्यताका बारेमा विभिन्न आयामबाट विचारहरु प्रस्तुत भएका थिए ।

कार्यक्रममा विभिन्न आठवटा कार्यपत्रहरु प्रस्तुत भएका थिए ।

- राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फुयालले सानिसा अबधारणा, संभावना, चुनौति र भावी कार्यदिशाका सम्वन्धमा,
- सह सचिव श्री विजु कुमार श्रेष्ठले सानिसामा सुशासन एवं सानिसा नीति तथा BOOT Act को तुलनात्मक विश्लेषणमा,
- धनगढी उप-महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री भरतमणि पाण्डेले धनगढी उप-महानगरपालिकामा सानिसा आयोजनाहरुको  विद्यमान अबस्था, चुनौति र भाबी कार्यदिशाका सम्वन्धमा,
- कैलाली उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री ज्योति भट्टले सानिसामा निजीक्षेत्रको दृष्टिकोण, भूमिका तथा चुनौति सम्वन्धमा,

- धनगढी क्रिकेट एकेडेमीका अध्यक्ष श्री सुवाश शाहीले ड्रीम फाप्ला क्रिकेट स्टेडीयम र सानिसाका बारेमा,
- योजना अधिकृत श्री राममणि काफ्लेले सानिसा नीति, २०७२ का विभिन्न प्रावधानहरुको विवेचनाका सम्वन्धमा,
- योजना अधिकृत श्री धिराज मरासिनीले विश्वमा सानिसाको अभ्यास, राष्ट्रिय योजना आयोगवाट भैरहेका प्रयासहरु र भबिष्यको योजनाकासम्वन्धमा,

यसै गरी कार्यशालामा सानिसा सम्वन्धी विभिन्न स्थानीय स्तरका पन्ध्र परियोजना समेटी राष्ट्रिय योजना आयोगले तयार गरेको  वृतचित्र समेत प्रस्तुती गरिएको थियो ।

दुई दिनको उक्त कार्यशालाको दोस्रो दिन सहभागीहरुलाई तीन समूहमा विभाजन गरी बर्तमान सानिसा नीति, २०७२ लाई कार्यान्वयनयोग्य बनाउन गरिनुपर्ने थप सुधारका सम्बन्धमा सुझाव लिईएको थियो । साथै स्थानीय तहमा सानिसासम्वन्धी संभावित आयोजनाहरु पहिचान गर्न उक्त समूहरुलाई सहजीकरण गरी प्रत्येक समूहबाट प्रस्तुति तथा छलफल मार्फत कार्यक्रमलाई अन्तरक्रियात्मक वनाइएको थियो ।